बैठक संख्या-१५ मिति २०७३।१०।६ गते

आज मिति २०७३।१०।६ गते बुधवारका दिन धरान उप महानगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत- धरान उ.म.न.पा.

आमन्त्रित - श्री गणेशप्रसाद खतिवडा व.प्र.अ.
श्री खगेन्द्रप्रसाद खतिवडा वे.कर.अ.
श्री सुरज श्रेष्ठ- व.इन्जिनियर
श्री रमेशकुमार शाह- व.आन्तरिक ले.प.
श्री भेषराज अधिकारी - व.लेखा अ.
श्री राजु पोखरेल- इन्जिनियर
श्री सुनील नेपाल- सामाजिक वि.अ.

निर्णयहरु:

(१) सम्मान तथा पुरस्कार सम्बन्धमा: यस उपमहानगरपालिकाको विकासमा विभिन्न क्षेत्रबाट महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्ति, संघ संस्था तथा कर्मचारीहरु मध्ये उत्कृष्ट कार्य गर्ने तपसिलका करदाता, निर्माण व्यवसायी, व्यवसायी, र कर्मचारीहरुलाई आ.व. २०७१।०७२ का लागि २३औं नगर परिषद सार्वजनिक कार्यक्रममा सम्मान तथा पुरस्कृत गर्ने निर्णय गरियो।

(क) उत्कृष्ट करदाता (सम्मान)
(अ) श्री विजयपुर आवासिय उच्च मा.वि. धरान- १४
(आ) श्री योगराज मास्के, धरान- ५,

(ख) उत्कृष्ट निर्माण व्यवसायी-
(अ) श्री नीर बहादुर सोक्का- धरान- ११
(आ) श्री- भक्त बहादुर राई धरान- १६

(ग) उत्कृष्ट कृषि व्यवसायी
अ- श्री कृष्ण राई, धरान- २०

(घ) उत्कृष्ट कर्मचारी (प्रशंसापत्र र नगद रु ५०००।- प्रतिव्यक्ति कर बाहेक)
अ- श्री राजु पोखरेल - इन्जिनियर
श्री- बालकृष्ण कार्की- सब इन्जिनियर
श्री रन्जु भुजेल - ना.सु. (वडा सचिव)
श्री हिरा खत्री- खरिदार (वडा सचिव)

श्री दिपकराज कुवर- खरिदार
श्री रेणुका राई- खरिदार
श्री इन्द्र सुब्बा- हवल्दार- वारूणयन्त्र
श्री कर्णबहादुर भुजेल- कार्यालय सहयोगी
श्री राजु श्रेष्ठ- सरसफाईकर्मी

निर्णय नं-२ : भवन निर्माण अनुमति तथा नक्सापास गरिदिने सम्बन्धमा।

२. (क.) नेपाल सरकार तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोग र धरान उपमहानगरपालिकाको सहभागीतामा धरानमा संचालीत एकिकृत शहरी विकास आयोजना अन्तर्गत धरान खानेपानी परियोजनाको लागि धरान उपमहानगरपालिकाको नाउमा दर्ता कायम भएको धरान–११ स्थीत विष्णुचौकको देहाय बमोजिमको विवरण भएको जग्गाको स्वामित्व उपमहानगरपालिका मै सिमित हुने गरी हाललाई खानेपानीको रिजर्भ्वायर टंकी, पालेगृह तथा पर्खाल निर्माणको लागि अनुमति दिने र पेश भए बमोजिमको नक्सा पास गरिदिने निर्णय गरियो ।

१. जिल्ला सुनसरी साविक घोपा ६।ख कित्ता नं. २६३१ क्षेत्रफल ०–०–१–५ (२५.४० वर्ग मिटर)
२. जिल्ला सुनसरी साविक घोपा ६।ख कित्ता नं. २६३६ क्षेत्रफल ०–०–६–५ (११०.०६ वर्ग मिटर)
३. जिल्ला सुनसरी साविक घोपा ६।ख कित्ता नं. १८३ क्षेत्रफल ०–०–१२–० (७६.१९ वर्ग मिटर)
४. जिल्ला सुनसरी साविक घोपा ६।ख कित्ता नं. १८४ क्षेत्रफल ०–०–४–५ (२०३.१८ वर्ग मिटर)
५. जिल्ला सुनसरी साविक घोपा ६।ख कित्ता नं. २६४१ क्षेत्रफल ०–०–८–५ (१४३.९२ वर्ग मिटर)

जम्मा क्षेत्रफल ०–१–१३–० (५५८.७५ वर्ग मिटर)

२ (ख.) नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ धरान १४ को नाउमा दर्ता कायम जग्गामा जग्गाको स्वामित्व विद्यापिठ कै नाउमै रहने गरी आयोजनाले खानेपानीको रिजर्भ्वायर टंकी तथा पालेगृह निर्माण गर्न जग्गा उपलब्ध गराउन विद्यापिठ सहमत भई स्वीकृति दिएको त्यहाको पत्रसंख्या ११२।२०७१।२०७२ चलानी नम्बर १३३ मिति २०७१।०८।०३ गतेको पत्रद्वारा जानकारी समेत गराईसकेकोले आयोजनाको तर्फबाट पेश भए बमोजिमको रिजर्भ्वायर टंकी, पालेगृह तथा पर्खाल निर्माण गर्न अनुमति दिने र पेश भए बमोजिम नक्सा पास गरिदिने निर्णय गरियो ।

२ (ग.) एकिकृत शहरी विकास आयोजना, आयोजना कार्यान्वयन एकाई धरानबाट पेश हुन आउने धरान उपमहानगरपालिका क्षेत्रभित्रको धरान खानेपानी (पुनर्स्थापना, विस्तार र विकास) आयोजनाको लागि निर्माण हुने सबै भवन (घर,पर्खाल,ईनटेक, फ्लोकुलेशन, रिजर्भ्वायर टंकी, पम्पस्टेशन, डिपवोर आदि) तथा पाईपलाईनको नक्साहरुलाई स्वीकृत गरी अभिलेख राख्ने निर्णय गरियो ।

निर्णय नं ३- समिति पुर्नगठन सम्बन्धमा : नेपाल सरकार "संघीय मामिला..." "संघीय विकास स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९" को परिच्छेद ४ को 'अनुगमन एवं मूल्याङ्कन" अन्तर्गत नगरपालिकाले तपसिल बमोजिमक

क्र. उ. प. ४

पदाधिकारीहरु रहने गरी समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

तपसिल:

(क) श्री कार्यकारी अधिकृत - संयोजक, धरान उप.न.पा.का.
(ख) श्री नारायण लिम्बु - सदस्य, बडा नागरिक मञ्च
(ग) श्री कोपिला भट्टराई - " " "
(घ) श्री गौरव राई - सदस्य, राजनीतिक दल
(ङ) श्री मायादेवी राई - सदस्य, नागरिक सचेतना केन्द्र
(च) श्री लक्ष्मण राई - सदस्य, राजनीतिक दल
(छ) श्री डिल्लिराम थापा - " " "
(ज) श्री कालीप्रसाद शर्मा - सदस्य खानेपानी संस्थान
(झ) श्री राजु पोखरेल - सदस्य, इन्जिनियर
(ञ) श्री राजकुमार राई - स. उद्योग वा. सं. सुनसरी
(ट) श्री सुरज श्रेष्ठ - सदस्य सचिव वरिष्ठ इन्जिनियर

निर्णय नं. (४) वार्षिक नगर विकास योजना सार्वजनिक गर्ने सम्बन्धमा: यस उपमहानगरपालिकाको आ.व. २०६३।६४ को नगर परिषद यहि मिति २०६४।३।२३ र २४ गते बैठक बसी सम्पन्न भएको हुदा उक्त परिषदबाट सम्पन्न वार्षिक नगर विकास योजनालाई यहि मिति २०६४।१०।२१ गते बिहिवार, दिउसो ११ बजे यस कार्यालयको प्राङ्गणमा ~~सम्~~ सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ भुक्तानी दिने सम्बन्धमा: आ.व. २०६३।६४ को वार्षिक नगर विकास योजना सार्वजनिक गर्ने यहि २०६४।१०।२१ गते मा आयोजना हुने कार्यक्रममा अतिथिको रुपमा उपस्थित भई दिन यस क्षेत्रका माननीय सांसद श्री कृष्णकुमार राईज्यूलाई आमन्त्रण गर्ने र यसरी आउन तथा फर्किजानको लागि लाग्ने काठमाण्डौ - विराटनगर - काठमाण्डौको हवाई भाडा कार्यालयबाट भुक्तानी गर्ने निर्णय गरियो ।

आजको बोर्ड बैठक बेहान १० बजे समापन गरियो । माइन्युटकर्ता भक्तिराज शर्मा